# धन्यवाद
# Acknowledgement

*नेपाली मिडिया सन्दर्भ ग्रन्थ* तयार गर्न पूरा एक वर्ष लाग्यो। त्यस क्रममा हामीलाई धेरै व्यक्ति तथा संस्थाको सहयोग उपलब्ध भएको छ। सबैको नाम यहाँ दिन नसकिए पनि तिनको सहयोग भुल्न सकिँदैन। हामीलाई सहयोग गर्ने संस्थाहरूमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, नेपाल राष्ट्रिय पुस्तकालय लगायत सिनास, सेरिड, सिविन, इन्सेक, शङ्करदेव क्याम्पस, सरस्वती क्याम्पस, पद्मकन्या क्याम्पस, पोखरा विश्वविद्यालय, काठमाण्डु स्कूल अफ म्यानेजमेन्ट, क्याम्पियन कलेज, नेपाल वातावरण पत्रकार समूह, नेपाल प्रेस इन्स्टिच्यूट र रेडियो नेपालका पुस्तकालयहरू मुख्य छन्। त्यसैगरी अस्मिता महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था, सूचना विभाग, प्रेस काउन्सिल नेपाल, कम्युनिकेसन कर्नर, एमएसआई, सम्पादक समाज नेपाल, नेपाल प्रेस युनियन, मिडिया प्वाइन्ट र नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यालय एवं झापा, मोरङ्ग, कास्की तथा रुपन्देही जिल्ला शाखाहरुको सहयोग पनि उल्लेख्य छ।

पुस्तकमा समावेश भएका केही प्रविष्टि नरेन्द्रराज पाण्डे, मल्ल के. सुन्दर, शिव रेग्मी, विनय कसजू, मञ्जु थापा, युगेश्वरप्रसाद बर्मा, प्रमोद प्रधान, हर्षमान महर्जन, उषा तितिक्षु, रघु मैनाली, इयन हार्पर र श्रीरामसिंह बस्नेतको सहयोगमा थप्न सम्भव भयो। उहाँहरू र विभिन्न गोष्ठीहरूमा प्रस्तुत कार्यपत्र सङ्ग्रह गर्ने मार्टिन चौतारीको प्रयासमा कार्यपत्र उपलब्ध गराई सहयोग पुऱ्याउने सबैप्रति हामी अनुगृहित छौं।

यसबाहेक, पुस्तकमा समावेश सामग्री जुटाउने र प्रशोधन गर्ने विभिन्न चरणमा हाम्रा सहकर्मी रमेश पराजुली, भास्कर गौतम, विरोध सापकोटा, नवराज हुमागाईं र प्रभाकर गौतमको सहयोग महत्वपूर्ण रह्यो। टाइपसेटिङ गर्ने कैलाश राई, लेआउट गर्ने किशोर प्रधान, कभर डिजाइनर राजन काफ्ले र मुद्रण गर्ने मोडर्न प्रिन्टर्स पनि धन्यवादका पात्र छन्।

यो सङ्ग्रह तयार गर्न आंशिक र प्रकाशन गर्न पूरा आर्थिक सहयोग उपलब्ध गराउने डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (DANIDA) र त्यस संस्थाका मुरारी शिवाकोटीप्रति आभारी छौं।